# मर्स्याङ्दी गाउँपालिका
## MARSYANGDI RURAL MUNICIPALITY
भुलभुले (Bhulbhule)
लमजुङ (Lamjung)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)


पत्र संख्या : २०७५/७६
चलानी नं. :
मिति :- २०७५/११/१७

## शोक वक्तव्य

मिति २०७५/११/१५ गते करिव दिउसो १:३० बजे ताप्लेजुङ जिल्ला फुङलिङ नगरपालिका-१०, सिस्ने भिरमा एयर डाईनाष्टिकको हेलिकप्टर दुर्घटनामा परि माननीय संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्री श्री रविन्द्र प्रसाद अधिकारी, नेपाल नागरिक उड्यन प्राधिकरणका उप निर्देशक श्री बिरेन्द्र श्रेष्ठ, निर्देशक श्री धुर्वदास भोछिभया, प्रधानमन्त्री कार्यालयका उप सचिव श्री यूवराज दाहाल, पर्यटन उद्यमी श्री आङछिरिङ शेर्पा, पाइलट श्री प्रभाकर के.सी. तथा मन्त्री अधिकारीका अंगरक्षक श्री अर्जुन घिमिरेको दु:खद निधनले हामी अत्यन्त मर्माहत भएका छौं ।

यस दु:खद दुर्घटनाबाट देशलाई अपुरणिय क्षति भएको छ भने, लाखौं युवाहरुको आशाको केन्द्र, विकासप्रेमी जनप्रतिनिधि तथा गण्डकी प्रदेशको एउटा चम्कीलो ताराको रुपमा रहेका मन्त्री अधिकारी हामी माझबाट अस्ताएका छन् । त्यसै गरि देशले निजि क्षेत्रका सफल उद्दमी, राष्ट्रसेवक कर्मचारी तथा युवा पाईलट गुमाएको छ । नेपालको राजनैतिक आन्दोलन तथा विकासको सवालमा मन्त्री अधिकारीले पुर्‍याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै मर्स्याङ्दी गाउँपालिका उहाँ सहित सातै जना मृतक प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ । यस दु:खद दुर्घटनामा परि दिवंगत भएका सवै मृतकका शोकाकुल परिवार तथा आफन्तजन प्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

बद्रीनाथ सापकोटा
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
( अध्यक्ष )